# नदी, छाल र तरङ्गहरू

(कविताकृति)

बिमला तुम्खेवा

समन्वय प्रकाशन

## बिमला तुम्खेवाका कविताहरुः-


१ गुलाबी आकाश र एकदिन

२ भूगोल र चिसो साँझ

३ सुत्केरी आमा र सपनाको आतङ्क

४ जिन्दगीको सिफारिस र कारगिल
५ फोसिल अनुहारहरु
६ तस्बिर र म
७ हिउँफूलको शिखरमा उभिएर
८ शिविरबाट

९ अनुभूतिले जन्माएका प्रश्नहरु

१० नदीबीच

११ रात

१२ धर्तीको एउटा कुना र मान्छे

१३ कादीयाना

१४ जूनको बजार

१५ सडक र सम्भोग

१६ आँसु

१७ सिमलको नाङ्गो हाँगा

१८ दाग

१९ जीवन विरुद्धको सङ्गीत

२० मछुवारी

२१ सलाईको काँटी र मुटुहरु

२२ ईश्वर

२३ तरङ्गहरुमा

२३ बगर र सपनाहरु

२४ मलामी

२५ बुद्ध र पहाड

२६ रातो पछ्यौरी र छायाँहरु

२७ समुद्र र उदास परी

२८ अनुहार

२९ हिउँको अतीत

३० गडतीरमा उभिएर

३१ संस्मरण
३२ लाहुरे पुरुष

३३ मृत्यु

## गुलाबी आकाश र एकदिन

एउटा जीवन–
जो औसत मान्छेहरुको हूलमा
पानी-पानी भएर पग्लिरहेछ
पहाड भएर अग्लिरहेछ
तिमीलाई थाहा छ ?
कस्तरी ... ...
भीडहरुलाई छिचोल्दै-छिचोल्दै
मसम्म–
आइपुगेका थिए तिम्रा आँखाहरु
र, त्यसदिन आकाश पनि गुलाबी-गुलाबी थियो
दिन
शरीरभरिभरि विसङ्गत खोपेर उभिएको छ

म–
सिंहदरबारको जेब्राक्रसमा उभिएर
सोचिरहेकी थिएँ
विगतमा–
यही चौरास्तामा उभिएर
कतिपटक मैले
लेखेर मेटाएथैं हत्केलामा तिम्रा नामहरु ।
आफ्नो भनेर अनुभूतिलाई अँगाल्नु पनि
एउटा पहाड अग्लिनुरहेछ
एउटा समुद्र तर्नुरहेछ
आकाशजस्तै टिठलाग्दो
सपनाका क्षणहरुले
गुलाबी-गुलाबी भएर
परिवेशलाई बेहुली बनाइरहेको बखत
म–
सोचिरहेछु
साँच्चै ... ...
        पानीको वेगहरुमा
        सपनाको कुनै अर्थ हुन्नरहेछ
        आफ्नो भन्नु आफन्त पनि आफ्नो हुन्न रहेछ
यही –
जेब्राक्रसमा उभिएर
मैले आज सधैं-सधैंको निम्ति
मेटाइदिएँ मस्तिष्कबाटै तिम्रा नामहरु ।

## भूगोल र चिसो साँझ

मैले–
रातको सुरुवातसँगै
आँगनभरिभरि
विश्वासको फूल रोपेकी छु
आकाश ओढेर बाँच्न विवश
एक हूल मान्छेहरु
कवितामा –
        आगोको गीत लेखिरहेछन्
म,
लामो समयदेखि
सडक हेरेर हाँसिरहेछु
सडक ओढेर बाँचिरहेछु
बुटका छापहरु
छातीभरिभरि खोपेर
हाँसिरहेछ सडक
सम्भावनाको अलिकति न्यानो ओढेर

मायाका अध्यायहरु
कसरी सूल भएर उभिएछ ?
        मनको इजलासमा
साँच्चै–
तिमीसँगको वियोगपछि पनि
सडकजस्तै–
मुटुभरिभरि
संस्मरणको न्यानो विश्वास ओढेर
तिम्रै बाटो पर्खिरहेछु

हिउँको चिसो अझ चिसो साँझमा
क्रान्तिको उद्घोष गर्दै
हामीले थालेको वीरताको दौड
भूगोलमा सधैँ उच्च छ
जीवन ... ... ...
अमिल्दो सन्दर्भहरुमा
सधैँ-सधैँ दुर्घटनाग्रस्त छ
मुर्दाशान्ति छाएको
मेरो देशको आयतनभरिभरि
त्रासदी छ मिलनका संजोगहरु
वियोगग्रस्त छ
जीवनका बाँकी कालखण्डहरु

मेरो विश्वासको आकाशभरिभरि
कुइरो लागेको बेला
यो–
मध्यरातको एकान्तबाट
बुटको सलामीसहित
                पुनः तिमीलाई .....
सम्झनाको पत्र लेखिरहेछु
कि–
हाम्रो विश्वासका बकपत्रहरु
हिमालभन्दा पनि अझ अग्लो छ भनेर
समुद्रको गहिराइभन्दा पनि अझ गहिरो छ भनेर ।

## सुत्केरी आमा र सपनाको आतङ्क

तारा रोएको रात
एक हूल ... ... ...
जिज्ञासाको भावना लिएर
मेरो रातलाई बिथोल्ने गर्छन्
सपनाहरु ... ... ...
यतिखेर
सपनाहरुको मलामी भएर उभिएकी छु
बीच बजारमा ।
सधैँ–
निरब शून्यतामा
एकतमासले सपनाहरु
आतङ्कित छन्
एक्लै ... ... ...
फगत एक्लै
जूनको बैँसालु अनुहार / अनुहारभरिभरि
वेदनाको प्रतिबिम्ब बोकेर
उदास छ ।
वर्षौंदेखि यलम्बरको आँखाबाट अविरल
आँसुको धारा बगिरहँदा ... ...
मैले मात्र बुझ्न सकेँ आँसुको धाराहरुलाई
शब्दका खेलाडीहरु
यतिखेर –
मान्छे विरूद्धको नारा ओकलिरहेछ
म,
हतास हतास छु
म,
उदास, उदास छु
नजन्मिएका मेरा छोराहरुको भविष्यसँग ।
नयनबाट –
बग्दै गएका भविष्यका आतङ्कित आँसुका धाराहरु
यतै कतै
छाती र चौबन्दीको तुनाहरुमा
निर्लिप्त छ
आमा हुनुको नियतिसँग
छातीभरि दुःखको लाहाछाप लिएर
बुद्धको स्तुप मौन छ
र –
अचेल मेरो कलमबाट रातो रगत कोरिने गर्छ
यतिखेर –
मेरा प्रियजनहरु
विजयको उत्सव मनाइरहेछन्
चिहानहरुको सम्झनामा
सधैँ –
मान्छेको बस्तीमा आन्दोलित छ
घात र प्रतिघातका भीडहरु
म,
जूनको बैँसालु अनुहारसँगै
नजन्मिएको छोराहरुको भविष्यसँग आतङ्कित छु ।

## जिन्दगीको सिफारिस र कारगिल

मन –
यतिखेर कोसोभो र कारगिल भएर
दुखिरहेछ
अब –
मनहरुले बैंस उमारेर सगरमाथा चढ्नुपर्छ
विस्मृतिका अधुरा बहुमतहरु
झूटा लालपूर्जा लिएर
अचेल –
पराधीन गर्दै छन् मान्छेका मनहरुलाई
धेरै भयो मान्छेहरुले
जिन्दगीलाई आफ्नो सोचेर नबाँचिदिएको
बुद्धको शालीन आँखाबाट
रगतको आँसु झरिरहँदा
पटक-पटक
म –
सभ्यताको सिविरबाट एक्लै चिच्याएकी छु
आऊ ...
हामी सबै मिली समन्वयको विकास गरौँ
अहिले –
मेरी आमा
कारगिलमा दिवंगत छोराको सम्झनामा
दुखिरहँदा मेरो देश दुख्नुपर्ने
तर –
देश यतिखेर
खित्का छोडी-छोडी हाँसिरहेछ
आऊ !
हामी सबै मिली
स्वर्णिम अक्षरहरुले लेखौँ
देश ...
दिवंगत छोराहरुको सम्झनामा
दुखिरहेको आमाहरुको मनसँगै दुख्नुपर्छ ।

## फोसिल अनुहारहरु

एक हूल अनुहारहरु
विश्वास च्यातिएपछि
फिरादपत्र लिएर आक्रोशित छन्
        म,
        दु:खद् संस्मरण समेटेर
        विसंगत मान्छेहरुको भीडसँगै
        मनभरि युद्ध बोकेर बाँचिदिएकी छु
जीवन –
लेख्नै नसकिने कथैकथाको अधुरो कथा रहेछ
अचेल, स्तब्ध छ मान्छे
चोटैचोटको आलो घाउ भएर
फेरि
घाउहरुको प्रतिस्पर्धा नहोस्
मृत्युहरु नजन्मिऊन् ।

व्यक्त गर्न नसकिएको
रित्तो दिनहरुको रित्तो अनुभूतिहरु
एउटा –
अनिश्चित भविष्य भएर
उभिएको वर्तमानबाट
सधैं आगोको फिलिङ्गो निस्किने गर्छ
र,
ठीक त्यसै बेला
कोलाहललाई चिर्दै एउटा मृत्यु जन्मिन्छ ।

फुस्स रङ्ग उडेका फोसिल अनुहारहरु
ढल्न लागेका दु:खद् साँझहरु
असहमतिको आवाज उठाउँदै
अस्वीकृत छन् साँझहरु
        आऊ – यो साँझ
        तिमी र म विचार साटासाट गरौं ।

किन सोच्न सक्दैनौं
हामी –
सबै मानव हामीजस्तै मानव हो भनेर
किन सोच्न सक्दैनौं
हामी
यो देशको माटो मेरो हो भनेर
आऊ,
तिमी र म
एउटा इतिहास कोरौं सभ्य मान्छेहरुको
आऊ
तिमी र म एउटा जीवन बाँचौं हार्दिकता र उदारताको ।

## तस्बिर र म

मैले –
आफूलाई
प्रतिबिम्बित गरेर
जूनको शालीन साँझमा
तिम्रो तस्बिरलाई हेरेँ
र
त्यो साँझ
म – बेस्सरी रोएँ
आँसु –
झरी बनेर रुझिरह्यो
तस्बिर
झन्झन् पृथक् लाग्यो
अनुभूतिहरु मौन रहे
र तस्बिर अँगालोमा च्यापेर
म,
त्यो रातभर रोइरहेँ ।

## हिउँफूलको शिखरमा उभिएर

सिमानाको डिलमा उभिएर
एक हूल घाइते मुटुहरु
राष्ट्रि यता खोजिरहेछन्
संवेदनाविहीन मान्छे भएर
बाँच्न कति गाह्रो हुँदोरहेछ
म –
आकाश ओढेर बाँच्नेहरुको भीडमा
अन्तहीन कथा भएर उभिएकी छु
म सोच्ने गर्छु
आफ्नो जीवन र घर छेउको वृद्ध शिरीषलाई
निर्धक्क भएर आफैसँग
हाँस्न नसकिएको जिन्दगी
किन लेख्न सकिनँ ?
मैले –
समयको क्यालेन्डरमा जितका उत्सवहरु !

रङ्गहीन बेखबर
लेख्न नसकिएको थुप्रै-थुप्रै अनुहारहरु
मनहरुमा
जिजस भएर मरेका छन्
मनहरुमा जिजस भएर बाँचेका छन्
म, आदिम नगरबाट
सभ्यताको प्राचीन ऋचा गनिरहेछु ।

समयको क्यालेन्डरमा
यो वृद्ध शिरीषसँगै
उसले सजाएर राखेको सुन्दर सपनाहरु
किन बेखबर छ
तिम्रो कविताको प्रतियोगितामा,
कविजी –
कवितामा उसले थुप्रै विद्रोह गरेको छ
कवितामा उसले आफूलाई हराएको छ ।

नाङ्गो नाच नाँच्न नजान्ने ऊ – आफ्नो विश्वाससँगै
पलपल मरेर पनि बाँचेको छ

हिउँफूलको शिखरमा उभिएर
मृत्यु-उत्सव मनाइरहेका मान्छेहरु

म –
सगरमाथाको उचाइसँगै किन झन् तल-तल झरिरहेछु
राष्ट्रि यता खोज्नेहरुको भीडमा
किन म बेमूल्य प्रदर्शित भैरहेछु ?
कुनै नाटकको यात्री भएर
वा कुनै कविताको मुटु छुवाउने शब्द भएर ।

## शिविरबाट

यसबखत विस्थापित गरिएको छ
आस्थालाई
आस्था उदाएको शिविरबाट
अलि पर एउटा संवेदनाको बस्तीबाट
आस्था –
हराएको विरूद्धमा
एक हूल मनहरु आन्दोलित छन्
मान्छेहरु –
अहम्ले अँध्यारोमा तीर हानिरहेछन्
        विभाजनको … … …
        आतङ्कको … … …
संस्मरणको प्रत्येक यादहरुमा
चाहनाका नजरहरु बाँचेर मरिरहेछन्
मरेर पनि बाँचिरहेछन् आस्थाको शिविरमा ।

## अनुभूतिले जन्माएका प्रश्नहरु

सपना –
चुँडिएको पर्खाइको रेसा बुन्दै
वृद्ध आमाहरु
मन हुनुको पीडा भोगिरहेछन्
जीवन –
        म, अँध्यारो गल्लीहरुमा छामछाम छुमछुम गर्दैछु ।

मान्छे दुखेको छ
तिम्रा निर्लज्ज छाडिएका संहारहरुले
कति हान्छौ घाइते मनहरुलाई
तिखा वाणहरु
म –
तिम्रा अमानवीय नाटकहरुमा
कैयौँपटक घायल भैसकेको छु ।

नसुनाऊ !
फगत शब्दका भाषणहरु
कैयौं आमाहरु/ लाखौं प्रेमिकाहरु
र – युद्धका जागरूक सिपाहीहरु
        जीवन –
        विषाक्त बनाएर बसेका छन्
        र म क्रान्तिको विरूद्धमा जाँदैछु ।

मसँगै
थुप्रै सहिद आमाहरु
धेरै-धेरै प्रमिथसहरु
शोकका बगरहरुमा अभिशप्त जिन्दगी बाँचिरहेछन्
अब –
म तिम्रो नाटकको
बलात्कृत पात्र बन्न चाहन्न
आऊ !
शान्तिका क्रोशहरु गाउँदै जाऊँ
म –
जीवन हाँस्न
यतिखेर मृत्युको समूहबाट आह्वान गर्दैछु ।

फगत
चेतना हुनुको पीडामा
जिन्दगी प्रत्येक पल मलाई सहनै नसक्ने चोट भएर
बिझाउने गर्छ ।

म–
मान्छे हुनुको अर्थ भोगिरहेछु
नियति –
किन यति साह्रै कठोर भएर आउने गर्छ हँ ?
        म,
        गयाको बोधवृक्षबाट प्रश्न गरिरहेछु ?
बधशालामा मृत्यु खेलाउने कसाई

जीवनको उत्तरार्द्धको एउटा मोडमा आएर
आज –
जिन्दगी गहिरो चोटहरुमा
छामछाम छुमछुम गर्दैछ
आऊ !
जीवन अभावको चपेटाहरुमा
खोज्दै जाऔं ⁄ रोज्दै जाऔं
म – बधशालाको बजारबाट जीवनको गीत गाइरहेछु

म–
आक्रान्त सहरको एउटा परिवेशबाट
मान्छेको कथा पेश गरिरहेछु
म– मान्छे नदुखेको देश खोजिरहेछु ।

---

## नदीबीच

रातसँगै – अव्यक्त पीडा लिएर
उभिएका छन्
साँझमा एक हूल जिन्दगीहरु
शीतसँगै समाहित हुन नसकेका
आँखाहरु … … …
        हो, तिम्रै निम्ति रोइरहन्छ
ठीक यसै बेला
नदी वारि  … … …
नदी पारि  … … …
बीचमा उभिएर मेरा विपनाहरु ।

आस्थाको निम्ति तिमीसम्म
झुकेका यी हत्केलाभरि
अभिमतको फिरादपत्र लिएर उभिएको छ अजङ्गले यो रात
सधैंभरि अविश्वासको
अक्षेता छर्किएर
भगवान् पनि मान्छेसँग बिमुख छ
म,
सुनसान सुनसान सहरमा
मानव हृदयको अन्तस्करणसम्म पुग्न कोसिसमा छु ।

## रात

रोदनको उत्कृष्ट रातहरुले
जीवन जिउन
झन् ... ... गाह्रो बनाएको छ
सहर –
        आफैमा गहिरो चोट लिएर विरक्त छ
        विश्वास विचलित छ र अचेल मन्दिर स्तब्ध छ

धर्तीमा –
मैले आस्थाका प्रेमहरु रोपेथेँ
मेरा आस्थाका विश्वासहरु
        हुरीले उडाइसकेछ/ शीतले बगाइसकेछ

र,
मात्र बाँकिरहेछ धर्तीमा विश्वासका अवशेषहरु
अचेल –
मान्छे हुनुको नियतिसँग
मान्छे हुनुको परिभाषासँग
आँखाभरिभरि दुखिरहेछ – मान्छे
विश्वासभरिभरि दुखिरहेछ – मान्छे
मुस्कानभरिभरि दुखिरहेछ – मान्छे
        म, समयको निर्दयी प्रहारबाट पीडित भएर
        हेरिरहेछु मन्दिर जाँदै गरेको मान्छेको भीड ।

मान्छे –
विखण्डित छ साइरनहरुको धुनबाट
ए मान्छेहरु !
अब त मलाई बुझ्ने कोसिस गर
लासहरुको विरूद्धमा
अलिकता अस्मिता साटौँ,
कलेटी परेका ओठहरुसँग
पोख्नै नसकिने
जिन्दगीका तीता यात्राहरुबाट थकित भएर
म,
यतिखेर धरहराबाट बुद्ध रोएको नेपाल हेरिरहेछु ।

## धर्तीको एउटा कुना र मान्छे

एक साँझ
मलिन अनुहारहरु
बगिरहेको धमिलो बाढी नियाल्दै
हतास थिए ...
जीवन –
अविश्वास भएर वर्तमानमा छताछुल्ल पोखिएको छ

साँझ रोदीघरको बलेंसीबाट
विरक्तीको आत्मकथा गाइने गर्छ
र म त्यो साँझसँगै
आफ्नो भन्नु अनुभूतिबाट
आफू बलात्कृत भएको पाउँछु
एउटा रमाइलो साँझको आगमन –
जीवन -
दुखिरहेको बखत
विश्वासको खडेरीबाट
मात्र मैले बुझ्न सकेँ मेरा दुःखहरुलाई ।

धेरैअघि
तिमी जो मसँग
आस्थाको कुरा गुनगुनाउँथ्यौ
र –
म चूपचाप-चूपचाप सुनिरहन्थेँ तिम्रा शब्दहरुलाई
धेरैअघि
तिमी जो मसँग
जीवनको कुरा गुनगुनाउथ्यौ
र –
म सोचिरहन्थेँ मान्छेका वर्तमान दुःखहरुलाई
प्रत्येक समय
जीवनदेखि टाढा हुँदै बाँचिरहेका हामी

आफ्नो ... ... ...
पराई ... ... ...
नजिक ... ... ...
टाढा ... भ्रम हो कि !
आजको साँझ बगिरहेछ नजिकै ......
उही पुरानो चालमा
उही पुरानो तालमा
एउटा असारे बाढी र बाढीसँगै बगिरहेछन्
हाम्रा प्रेमहरु/ हाम्रा विचारहरु र हाम्रा चाहनाका अस्तित्वहरु ।

## कादीयाना

म–
रुग्ण छु कादियाना
उत्सवहरुले मनाइएको मृत्युमा
कति वस्तुहरुमा
अनुदित हुँदै .....
रुपान्तरित हुँदै .....
        आरोहण गर्दैछ मान्छे सेता बगरहरु

कालो आकाशमा
रङ्गका अलिखित इतिहासहरु
त्यत्तिकै मरेर गएका वर्षहरु .....
मलाई प्रष्ट थाहा छ

कादियाना –
यो विकृत सहरमा
हदबन्दी नाघेको उमेर बाँच्दै
        कति मर्दैछ छातीमा आत्मीयताका जूनहरु
        आशक्तिका राता फूलहरु
कस्तो भ्रम रैछ
कि जीवनको
ताराहरु उन्मुक्त हाँसो हाँसेर
असक्त जीवन भोगिरहेछन् ।

## जूनको बजार

रक्तिम साँझहरुले
बिना निम्तो ल्याएको खल्लो याद
        यादहरु कति गाढा हुँदारहेछन् जिन्दगीमा
        इतिहासहरु सधैं यादहरुमा बाँचिरहेछन्
म,
बिना घटनाको दुर्घटनाहरुले पिरोलिएकी छु
रातले जन्माएको निस्तब्धतासँग
कसरी .....
जिन्दगीलाई जोड्न सकिन्छ
यहाँ –
मानिसहरु डुब्न लागेको क्षितिज हेरेर
चोटहरुले
घाइते बनाएको जिन्दगी हाँसिरहेछन्
चौक –
विधुवाझैं मौन छ
भद्दा रातहरुले/ भद्दा यादहरु लिएर
मसँग मेरो खुसी खोसेर निस्तो रात दिने गर्छन्
अमानवीयताका निर्मम छुरीहरुले
आस्थाको सगरमाथा ध्वस्त पारिदिँदा
क्षितिजको एउटा किनारामा
        मृत्युका बथानहरु जीतको उत्सव मनाइरहेछन्
अक्षरजस्तै –
नीलो, कालो र गाढा हुँदारहेछन्
मान्छेसँग गाँसिएका  कतिपय अतीतहरु
मान्छे –
        ती खाटाहरुलाई
        जतनसाथ सम्झनामा किन राखिदिन्छ ?

जूनको बजारमा
माया बेचियो रे !
मनहरु किन आन्दोलित हुँदैनन्
एउटा –
कविको डायरीमा धेरै-धेरै जिन्दगीसँग
गुनासो पोखिएको सायरीजस्तै
कति बेवास्ता छ
मान्छेका भावना यस संसारमा
यतिखेर –
म दुखेको रातसँगै अक्षरहरु कोर्दैछु
म दुखेको रातसँगै अक्षरहरु चुम्दैछु ।

## सडक र सम्भोग

आमाहरुको सपनालाई
दागबत्ती दिन मजबुर मनहरु आगो निलिरहेछन्
एउटा –
        आत्मकथाको परिधिभित्र बाँधिएर उभिन
        मान्छेलाई कति मुश्किल हुँदोरहेछ
म –
परिधि तोडेर बाहिर निस्कन चाहन्छु
कुरुप समयहरुले
असङ्ख्य-असङ्ख्य मनहरुको निर्मम हत्या गरिदिँदा
आँखाबाट खसेको आँसुको धारासँगै
क्रान्तिका लप्काहरु दन्किरहेछन् ।

        म चाहन्छु जीवनमा
        अब एउटा सुन्दर भविष्य साँच्न सकियोस्
        म चाहन्छु जीवनमा
        अब एउटा राम्रो कथा लेख्न सकियोस्

म लेखिरहेछु अहिले नराम्रो सपनाको संरचना
मान्छेलाई –
बाँच्नको निम्ति एउटा फराकिलो आकाश चाहिन्छ
मर्नको निम्ति आफ्नै देश
चाहिन्छ
भोकका जुलुसहरु –
        समाहित छन् बर्बर मनहरुको विरूद्धमा
र म अभिलेख राख्न नसकिने
परिभाषाको सडकमा उभिएर मृत्युको प्रतीक्षामा छु
अथवा – हामीहरु छौं
सर्वाङ्ग नाङ्गिएर
मरूभूमिहरुबीच हिँडिरहेको एउटा अनौठो सपनाजस्तो
आफैमा इतिहास हो जिन्दगी
कसरी –
        मान्छेहरु मान्छेको मृत्युमा आफूलाई खुसी देख्छन्

म –
श्रद्धाञ्जलीको पुष्पहरु लिएर
आरोहित छु सगरमाथाको यात्रामा ।

## आँसु

फेरि म एकपटक
नमीठो गरी दुखेँ
र
लुथ्रुक्क भएँ आँसुका धाराहरुमा
दुख्नु आफैमा नमीठो रहेछ
तर
मैले बुझ्न सकिनँ
आँसुका भाषाहरुलाई
न बुझ्न सकेँ आफ्नै दुखिरहेको मुटुलाई ।

## सिमलको नाङ्गो हाँगा

धेरै वर्षअगाडि
हाम्रो प्रेम साटिएको फलैंचा
त्यसरी नै ठिङ्ग उभिएको थियो
बाटो छेउमा लहरै उभिएको सिमलको रूखमा
चैत –
त्यसरी नै नाङ्गिएको थियो
म थिएँ –
मेरा रहरहरु थिए, केवल तिमी थिएनौ
अब –
एक्लै रोएको मादलको ताल हुन सक्छ
यो फलैचा ......
यो बाटो ......
र आत्मीय लाग्ने हावाको स्पर्श ।

फेरि पनि –
मृत्युदण्ड घोषणा हुनसक्छ
कुनै प्रेमी नागरिकलाई
र –
सुदूर गाउँमा रोइरहेकी हुनसक्छे
बूढी आमा आफ्नो सन्तानको सम्झनामा
जसरी –
धेरैअघि रोएकी थिएँ म
प्रियतमको नाममा एउटा अप्रितम साँझ ।

साँच्चै,
सत्र वर्ष पछाडि
त्यही फलैंचामा उभिएर
सोचिरहेछु .......
देखिरहेछु ........
यो फलैंचा
यो सिमलको रूख
हामीलाई हेर्दै दौडने ती बच्चाहरु ठूला भैसकेछन्
पहाडभन्दा अग्लो
मात्र म –
प्रेमको नाममा .............
त्यागको नाममा ............
एउटा पृथक् इतिहास बाँचिरहेछु
देखिएका सिमलका नाङ्गा हाँगाहरुजस्तै ।

## दाग

कुइरोले छेकेको छ बस्तीको प्रतिबिम्ब
र –
छोपेको छ धुरीबाट निस्कने धूवाँसँगै
अमिलो चोटहरु
घाउका कुरुप दागहरु ।

मलाई हुस्सु मन पर्छ
यस कारणले –
जीवनको नमीठा भोगाइहरु
कुइरोले छेकेको बस्तीजस्तै
छेकेर राखेकी छु हृदयको कुना-कुनासम्म ।

## जीवन विरुद्धको सङ्गीत

कसले बजायो –
मान्छेको बस्तीमा एकोहोरो दु:खको बाँसुरी
मैले पनि
थुप्रै सपनाहरु लिएर तिमीसँगै दाँजिदै
क्षितिज नियालेकी थिएँ घामको यात्रामा
समयको बैंसलाई
कुमारी आमा बनाउँदा
        देश छिया-छिया छ⁄  बस्ती उदास-उदास छ।

कसले बनायो रगतको समुद्र
अचेल –
निरस छ समुद्रका सुसाइहरु
मैले पनि त्यस दिन आकाश नियाल्दै
तिमीसँगै समुद्रको फैलावट
नियालेकी थिएँ यात्रामा
आदिज्ञान प्राप्त स्थानबाट
हृदयको कलिलो जन्महरुलाई
म – फेरि मृत्यु बाँड्न चाहन्न
        म,
        राजमार्गमा उभिएर प्रेमप्रदेश नियालिरहेछु।
        मान्छे –
        सपनामै भए पनि प्रेमको भोको हुन्छ
        मान्छे –
        सपनामै भए पनि शान्तिको कामना गर्छ
        ओ जिजस !
        ओ रावण !
        ओ बुद्ध !
आऊ चिर र हेर मान्छेका मुटुहरु
आऊ चुम र बुझ आँखाका भाषाहरु
त्यहाँ पाउने छौ तिमीले
अभिमानको  विरूद्धमा सामिप्यका जुलुसहरु
बन्दुकको विरूद्धमा राष्ट्रियताका प्रेमहरु
कसले बजायो ?
मान्छेको बस्तीमा जीवन विरूद्धका सङ्गीतहरु।

## मछुवारी

समयको निर्बन्धित बगरमा
मृत्युलाई कैद गर्दै
मछुवारी सोच्दै छ
        मेरो भोकभन्दा मृत्यु किन सस्तो छ ?

बगरमा उभिएर सोच्नु
मछुवारीको निम्ति दिक्क लाग्दो
अस्वीकृत समय हो
मछुवारी सोच्छ
समयको देशमा मृत्युको बेहिसाब किताब छ
मेरो जीर्ण शरीरभरिभरि ......
        मृत्युको अलिखित इतिहास छ

मछुवारी !
तिम्रो जालमा परेका कलिला जीवनहरु
बेहिसाब फाटेका उमेरहरु
असीमित छ
जटिल छ
प्रिय छ र भयानक पनि
भन मछुवारी –
तिम्रो नजरमा भोकभन्दा मृत्यु किन सस्तो छ ?

## सलाईको काँटी र मुटुहरु

बिना उद्देश्य साँझमा खुट्टा बङ्ग्याउँदै
निर्लज्ज ... ... निःसन्देह
सडकमाझ –
हिँडिरहेको एउटा लाचार मान्छेजस्तो
आफू जलेर बलिदिन्छ
साँझमा सलाईका काँटीहरु
आफू जलेर बलिदिन्छ
अभावमा सलाईका काँटीहरु
आफू जलेर बलिदिन्छ
सृजनामा सलाईका काँटीहरु
        म –
        निस्पट्ट रातमा बाँच्न चाहन्छु सलाईको काँटीसँगै ।
आऊ –
हामी काँटीहरुमा अनुवाद हौँ
बेहाल बाँचिरहेका एकहूल मुटुहरु
जिन्दगीको चर्को बहस लिएर
अचेल –
काँटीहरुको समर्थनमा मौन छन्
काँटी – मृत्युमा जलिदिन्छ
काँटी – विनाशमा बदलिन सक्छ
काँटी – आगो हो
आगोको देश हुँदैन/ आगोको कुनै भेष हुँदैन
आगो सलाईको काँटी हो
आगो जहाँ पनि जान सक्छ
अचेल –
काँटीहरुको समर्थनमा ओर्लिरहेछन् मुटुहरु ।

## ईश्वर

धर्मका पादरीहरु
आस्थामा कलङ्क लाग्नु हुन्न भन्दै
तिमीले रचाएको युद्धहरुमा
    म–
    केवल मान्छे भएर बाँच्न चाहन्छु
    म –
    केवल मान्छे भएर मर्न चाहन्छु

दर्शनहरुको विरूद्धमा
आँसुको रङ्ग उस्तै देखेकी छु
नसा-नसामा बग्ने रगत उस्तै भोगेकी छु
अझ फेरि –
मान्छेको मनमा किन जातिको सिमाना कोर्छौ ?
    भन ईश्वर –
    तिम्रो पाउमा मर्ने पशुको आँसु
    र मान्छेको आँसु उस्तै छैन र ?

म –
रातो रगतमा बाँच्न चाहनेहरुको भीडबाट
गीता, बाइबल र कुरानबाट
आँसुको विरूद्धमा लेखिएको
मान्छेको विरूद्धमा रचिएको
    दर्शनलाई च्यात्न चाहन्छु
एकपटक बाँचेर हेर नदीजस्तै गतिशील भएर
चेतना पाएर बाँच्दैमा
अहम् भएर बाँच्ने ए मान्छे र ईश्वरहरु
म –
तिम्रो धर्मबाट विमुख हुँदैछु
म –
तिम्रो विरूद्धमा निलम्बन हुन मञ्जुर छु
के पशुको रगत र मान्छेको रगत उस्तै छैन र ?
के मान्छेको आँसु र पशुको आँसु उस्तै छैन र ?

## तरङ्‌गहरुमा

यहाँबाटै सुरू भयो होला
प्रेमको अभिमतहरु
म –
सूर्यास्तपछिको जूनसँग आलिङ्गन हुन आतुर छु
जून –
तिमीलाई अँगालो भरिभरि चुमेर
म रुन चाहन्छु
कि हामी केवल भ्रम हौ भनेर ।

पानीको सतहहरुमा
तिमीले चुम्दै गएको पानी लालीमा
मेरो प्रेमको संस्मरणमा
उत्कृष्ट चेतना भएर उभिने छ ।

जहाँबाट मैले –
चेतना प्राप्तिको प्रसव वेदना भोगेकी छु
कति म तिमीसँग
मर्दै र बाँच्दै गर्ने यो सहरको कथा सुनाऊँ
कति म तिमीसँग वेदनाको कुरा गरौँ
आऊ !
एकैछिन छालहरुको कुरा गरौँ र हराऔँ तरङ्गहरुमा ।

## बगर र सपनाहरु

काठमाडौंको कुनै बेनाम कोठा
साधारण खाट
मसँग सपनाको मृत्युमा सरिक हुने यही खाट छ
आज –
म जीवनको एक दिन
आफ्नै सपनाहरुको मृत्युमा सरिक भएँ
आज पनि –
पिपलबोट, हनुमानढोका र पशुपतिको मृत्यु बगरहरुमा
टोलाउनुमा बित्ने छ

संवेदना सकिएको मन .......
चिसो पर्खाल / तिमी नहुनुको पीडा
र –
        अनागरिक मान्छे बाँच्नु
        म,
        मान्छे भएर जन्मनुको सत्यतासँग मात्र पनि
        किन आन्दोलित हुन्छु ?
तिमीले मेरो निम्ति बिताएका पागल दिनहरु
पराकाष्ठामा पुगेर .....
पुनः तिमीलाई सम्झनु
फेरि पनि सपनाको मृत्यु हुनेछ
के थाहा ?
अपरिचित हावाको एकपल पनि
सुखको अन्तिम सत्यता हुन सक्छ
        कफीसपमा बसेर मैले सारा विसङ्गतिहरुलाई
        बिर्सने प्रयास कहाँ नगरेको हो र ?

एउटा पराकाष्ठामा
सधैँ – जीवन पेन्डुलम छ
तैपनि मान्छे छातीमा अहम् पाल्छ
यसरी मबाट बाँच्नुको नियतिसँग
सधैँ एउटा रहर मर्ने गर्छ
सधैँ एउटा विचार मर्ने गर्छ
र सयौँ प्रेमहरु मर्ने गर्छन्
आज –
म जीवनको एक दिन
आफ्नै सपनाहरुको मृत्युमा सरीक छु ।

## मलामी

सेता गुलाबहरु
मृत्युको साम्राज्यमा बन्दी बनाइएको छ
अर्थ-अर्थमा धर्ती फिँजिएर
मनहरु –
    फूलको मलामी भएका छन्
    र –
    काँडाहरुको पहाड अग्लिरहेछन्

छोरा यसबखत –
म तिमीलाई शान्तिको कथा सुनाउन असमर्थ छु
म – शताब्दियौँदेखि यही माटोमा उभिएर
निर्लास बाँचिरहेछु
समयको गतिमा एउटा ताल भएर
पीडाको देशमा –
निर्घात अनि उम्कनै नसकिने बन्दीगृहजस्तो
एकोहोरो/ उदास
र – पट्यारलाग्दो लामो जिन्दगी
मलाई मृत्यु दिन मन लागेको छ
यदि –
मेरो समाप्तिमा तिमी निर्माण हुन्छौ भने
तर छोरा
रगतैरगतको आलो सहरमा
तिम्रो जीवनको कुनै सुरक्षा छैन
    तिमीले देखेको सपनामा जीवनको कुनै आभास छैन

त्यहाँ त मात्र पीडा छ विद्रोह छ
र
भविष्यको डरलाग्दा चोटहरु छन्
छोरा –
यसबखत म तिमीलाई मारियाको प्रेम उपदेश होइन
सकुनीको कुटीलतालाई बुझ्न आग्रह गर्छु
त्यहाँ – विद्रोहको भए पनि सपनाको इतिहास छ।

## बुद्ध र पहाड

मान्छे – रक्तउत्सव भएर
विशिष्ट पहाड उक्लँदै गर्दा
आफ्नै जस्तो लाग्ने बिरानो चौकमा
        एउटा आस्था ढलेको छ/  एउटा विश्वास मरेको छ

म–
बस्तीको उत्कृष्ट चौकबाट
आँसुले तरल-तरल बनेको –
बुद्धका आँखाहरु नियालिरहन सक्दिनँ
जीवनको अन्तिम प्रहारमा
संसार हेरिरहेको कुनै विवश पशुजस्तो
ठिङ्ग उभिएको बुद्धको सालिकमा
जीवन कति बेफिक्री छ
        म– सोच्न सक्दिनँ
हिमाल भएर पग्लिनुको अर्थमा
नदी भएर बग्नुको अर्थमा
म – ढल्दै गरेको बुद्धको सालिकमा
पहाड भएर अग्लिएको छु।

## रातो पछ्यौरी र छायाँहरु

नीलो-नीलो रातमा
रातो पछ्यौरीभित्रको आँसु पुछ्न असमर्थ छु
हामी –
हिँडेको नागीका साँघुरा बाटाहरु
इतिहासको कुनै रोदीघरमा
आज पनि –
 त्यत्तिकै उमङ्गित वा उदास हुन सक्छ ।

तिमीले सिउरी दिएको लाली गुराँसको थुङ्गा
आज पनि –
कुनै भीरपाखामा रोइरहेको हुन सक्छ
विगतमा –
हामी हुस्सुको धमिलो छायाँमा
बगरको चप्लेटी ढुङ्गामा बसेर
कतिपटक –
 फूलको आँसु पुछ्यौँ
 घाम चुम्यौँ ........
 र –
 उदास-उदास खोलाको सुसाइहरुमा
 जीवनलाई अनुवाद गऱ्यौँ
आज –
मसँग वियोगका मात्रै उदासीन साँझहरु छन्
विश्वास तोडिएका अनगिन्ती घातहरु छन्
आत्तिएर बितेका तरुनी रातहरु छन्
र छन् –
 भ्रमजस्तै लाग्ने शालीन भ्रमहरु
यो एक्लोजस्तै सधैँ एक्लै
बाँचिरहने –
त्रिशुलीको बाटोजस्तो
जिन्दगी –
 कतै घुम्तीमा दुखेको छ
 कतै किनारमा फैलिएको छ
 कतै जम्काभेटमा रित्तिएको छ

तर–
रित्तिनु पनि एउटा सम्पूर्णता रहेछ
रित्तिनु पनि एउटा प्राप्ति रहेछ
म एक्लै
सुनसान-सुनसान जस्केलामा उभिएर
भोगिरहेछु रित्तिएका तरुनी रातहरुलाई ।

## समुद्र र उदास परी

रिक्तता भोग्नु पनि
साह्रै ठूलो सत्यता रहेछ
हुन्न थियो होला
यस्तरी –
काँडा भएर फूलहरुलाई चुम्न
हुन्न थियो होला भोग्न ........
        आकाशहरुलाई समय अन्तरालसँगसँगै ।

मसँग –
सर्वाङ्ग नाङ्गिएर
जीवन भाग्न खोजेको धेरै भयो
साँच्चै –
कोठामा मौनता छाएको धेरै भयो
तिमी भन्न सक्छौ
यो सडकमा पाप्रा पाप्रा भएर उप्किएको डोबहरुले
कतिपटक
सूर्यको रापिलो तापेर शीतलाई पर्खिए होलान्
हामीबीच प्रेम
आधी प्रेम भएर उभिएको छ
राग-अनुराग भएर टप्पिएको छ
दूर कतै बस्तीबाट आफैतिर आउँदै गरेको
एउटा–
प्रतिक्षारत अनुहारजस्तो
तिम्रो ओठमा –
अधुरो प्रेमकथा कोरिएको छ
        लाग्छ –
        टेवलमाथि गिलासमा सजाइएको
        गुलाफको फूल
        बोटबाट छुट्टिनुको पीडामा त्यस्तै तड्पिएको छ ।

जलपरी,
विजय पराजय
प्रेम, घृणा
यो त मान्छेको बस्तीको नमीठो खेल हो
यो त अनिष्टताको सङ्केत हो
फर्क !
शीतको अनुहारसँग
जीवनको कुनै सम्बन्ध हुँदैन
बन्धन र स्वार्थहरुलाई तोडेर
हामी समुद्र यात्रा गरौँ घाम अस्ताउनु अघि ।

## अनुहार

निर्वासित राजकुमारको
दुःखद् कथा हो
यो देश –
        यहाँका चराहरु दुःखको गीत गाइरहेछन् ।

खिया परिसकेको राष्ट्रि  यता
टाँसेर छातीमा
बिरामी स्वास्नीलाई छोडेर
काम गर्न गएको लोग्ने
उदास-उदास
साँझ त्यसै फर्कन्छ
घाम अस्ताउनै लागेको पहेंलो छायाँ
रियादको मरूभूमिमा मरेको
एउटा – आमाको कथा
        प्राचीन धारा र मन्दिरजस्तै इतिहास हुन सक्छ
        प्रत्येक मौन अनुहारहरु ।

रातो सयपत्री औलाउनुसँगै
छिमेकमै एउटा गरिब केटो
औषधि नपाएर मरेको रात
        हुनुहुन्न पत्थरको देवता मान्छेको बस्तीमा ।
प्राथनीय नहुनसक्छ
आदिम मन्दिरहरु उसको आँखामा
ओ !   जून बोकेको मान्छे,
        आगो लिएर कता हिँडेको ?

प्रसिद्ध नहुन सक्छ
तर यति धेरै मृत्युको लाम लागेको
यो सहरमा –
म, तिम्रै अभिमान अघिल्तिर उभिएर
एकसाथ सोचिरहेछु
किशोरी उर्मिलाको आँखामा
अचेल कस्तरी गाउँ बाँचिरहेछ ।

## हिउँको अतीत

हिउँको छातीमा
किनार हुँदै बग्नु
बगिरहनु सन्दिग्ध हुन सक्छ
घाउले बिथोलिएको मुटु
        त्यो साँझ यो बाटोमा दुख्दै हिँडेको विगत
र –
साउनको उपल्लो रात
रोएको आँखा
पुरानो भैसक्यो होला
                उसको छातीमा .......
सपनाले वृद्ध भएकी कुमारी केटी
बैँस कुँजिएको देश
म,
अग्लो पहाडलाई हेर्छु
ऊमाथि बगेको झरना
र उसले रोएको बाँसुरीसँग
जीवनका पछिल्ला रातहरु रोएका छन् ।

## u8tL/dfp]eP/

छातीमा –
संवेदना सकिएको बेला
यो निर्जन टापूमा
गाउनको निम्ति अब कुनै गीत छैन
भर्खरै –
आफन्तको मलामी गएर अस्ताएको दिन
उस्तै हुन सक्छ
    जहाँबाट रोएका थियौँ हामीले आफैलाई बिर्सिएर ।

यो बत्ती निभेको गडतीर
नदीको बेप्रवाह छाल
मोडर्न निक्काले देखेको सपनाजस्तै
फरक हुन सक्छ –
    आफ्नै अँध्यारो छायाँसँग
    आउने अलग-अलग आकृतिजस्तै ।

छालजस्तै बगेर गैरहेछ
प्रेमको अधुरो प्रसङ्ग
    हामीले देखेको बत्तीको मधुरो प्रकाशसँगै ...
सुरक्षित छैन
हाम्रो अस्तित्व/ हाम्रो प्रेम
मोर्डन निक्काले देखेको सपनाजस्तै
छातीमा संवेदना सकिएको बेला
यो निर्जन टापूमा गाउनको निम्ति अब कुनै गीत छैन ।

---

## संस्मरण

उस्तै उदास थियो
त्यो दिन –
आत्मरतिमा रमाएर
किन हामी रम्न सकेनौ हँ
        जीवन साँच्चै अस्पष्ट छ त ?

हरेक दिन –
तिम्रो यादमा कोरिएका यी कविताहरु
उस्तै प्रेममय छन्
त्यसदिन –
जसरी तिम्रो मौनता
समयको अन्तिम विन्दुलाई
संस्कारको सिमानाहरुलाई तोडेर
मसम्म आउन आतुर थिए
        लाग्छ –
        पाइतालाहरु पहाड चुम्न खोज्छन्
        पहाड नदी बग्न खोज्छ
        दु:खको भेलहरु बगाएर नदी न त कहिले थाकेकै छ

यो – उदिग्न र उजाड-उजाड
समयको एकपल पनि
भारी-भारी लाग्छ कि फूलसँगै
सधैँ किन काँडा बाँचेको होला
मसँग – अहिले
जीवन नबाँच्नुको पीडा छ

यस्तरी –
मान्छेको नाममा मुर्दा बाँचेको बेला
साँच्चै भन्नु हो भने
जीवनप्रति कुनै मोह छैन
उस्तै उदास थियो त्यो दिन जीवन साँच्चै अस्पष्ट छ त ?

## लाहुरे पुरुष

लाहुरे पत्नीको उदास अनुहारजस्तै
बेढङ्गले बित्दै जाने
दिनहुँका बिहानहरु
        मलाई तिम्रो सम्झनामा दुख्ने गर्छ

मनहरु
सुहागरात मनाइरहेछन्
लासहरुमाथि .......
प्रेमको कुनै सिमाना नभएझैँ
पीडाको पनि कुनै देश हुँदैन रहेछ
यी चिहानजस्ता
लाग्ने मान्छेका भीडहरुमा
        कति शताब्दियौंदेखि
        म देश खोजिरहेछु/ भेष खोजिरहेछु

आऊ
आजैदेखि फूलहरु रोपेर
हामी एकताको कविता लेखौँ
आजैदेखि
भूगोलको छातीभरिभरि
प्रेमको रङ्ग भरौँ
भैगो –
आस्थाका कुराहरु छोडिदेऊ
खै त हामी मान्छे भएर बाँच्न सकेका
न्यायको सदनभित्र
        कविताले आत्महत्या गरेको धेरै भयो
आऊ –
मृत्युको विरुद्ध जीवन बाँचेर हेरौँ
रङ्गहरुसँग रङ्ग घोलेर हेरौँ
आऊ
आजैदेखि एकताको फूलहरु रोपेर कविता लेखौँ ।

## मृत्यु

जीवन
आकाशमा अनन्त भएर बिलाउँदै छ
म जहाँबाट दोस्रो आकाश नियालिरहेछु
म जहाँबाट मृत्यु भोगिरहेछु
धूवाँ भएर
फैलिएको आँसुको रङ्ग
मृत्युको एकादेशमा पृथक् रहने छ
मृत्यु –
सत्य प्राप्तिको मृत्यु हो
तिमीले बाँचेको जीवन
म जल्दै गरेको जीवन
        भोग त !
        कति सत्यता छ/ कति रिक्तता छ

तिमी बाँचेर पनि हाँस्न सकिरहेका छैनौ
म जलेर पनि पीडामुक्त छु
तिमी बाँचेर पनि अपूर्ण छौ
म जलेर पनि पूर्ण छु ।

---